नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५
वर्ष ३५ अंक ११६ २०८२ साल मंसिर १८ गते बिहीबार (4 Dec 2025 Thursday) मूल्य रु. ५/-
**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको बर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : एमडिजिपी स्वास्थ्य ;.. ३ पृष्ठमा : एनपिएल : ब्याटिङतर्फ विदेशी ... ३ पृष्ठमा :गाजाका पाँच क्षेत्रमा निरन्तर...

## पत्रकारितामा एआईको प्रयोग र यसबाट हुने फायदा तथा जोखिम बारे जानकारी



**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर ।**

आमसञ्चार प्राधिकरण मधेश प्रदेशको आयोजना र नेपाल पत्रकार महासंघ सप्तरीको समन्वयमा बुधबार राजविराजमा पत्रकारितामा एआईको प्रयोग सम्बन्धि एक दिने तालिम सम्पन्न भएको छ ।

तालिममा प्रशिक्षक जिवन भण्डारीले पत्रकारितामा एआईको प्रयोग र यसबाट हुने फायदा तथा जोखिम बारेमा सहभागिहरुलाई जानकारी दिए ।

उनले अहिलेको युगमा एआईलाई बेवास्ता गरेर पत्रकरिता अगाडी बढ्न नसक्ने भएकाले यसको सही प्रयोगबारे पत्रकारहरु जानकारी हुनु आवश्यक रहेको बताए ।

पत्रकारिताको स्वरुप बदलिदै जाने भएकाले सोही अनुसार आफुमा पनि क्षमताको बिकास गर्न तालिममा सहभागी पत्रकारहरुलाई आग्रह गरे ।

अहिले फेक समाचार, भिडियो, फोटोहरु तयार गरी भ्रम फैलाउने कार्य भईरहेकोले एआई सम्बन्धि आचारसंहिता लागु गर्न आवश्यक रहेकोमा उनको जोड थियो ।

अर्का प्रशिक्षक प्रकाश मैनालीले प्रविधीको प्रयोग संगै साईबर अपराधबाट बच्न विभिन्न उपायहरुबारे जानकारी गराउँदै आवश्यक सुझाव समेत संकलन गरेका थियो ।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्गाको अध्यक्षतामा आयोजित तालिमको उद्घाटनसत्र सहभागिहरुलाई प्राधिकरणका सदस्य नवीनकुमार गुप्ताले स्वागत गरेका थिए ।

कार्यक्रममा आमसञ्चार प्राधिकरणका पुर्व अध्यक्ष

***बाँकी अन्तिम पृष्ठमा***

## स्थापना दिवसमा पुस्तक प्रदर्शनी




**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर ।**

आफ्नो स्थापना दिवसमा साझा प्रकाशनले पुस्तक प्रदर्शनी गरेको छ । संस्थाले आफ्नो स्थापना दिवसको अवसर पारेर बुधबारदेखी पुस्तक प्रदर्शनीको सुरु गरेको छ ।

आमसञ्चार प्राधिकरण मधेश प्रदेशका अध्यक्ष जितेन्द्र खड्गाले एक कार्यक्रमबीच पुस्तक प्रदर्शनीको उद्घाटन गरेका छन् ।

सो अवसरमा उनले वैकल्पिक सूचना र प्रविधीको बढ्दो प्रयोगसँगै पुस्तक र पत्रपत्रिका जस्ता परम्परागत माध्यमका पाठक घट्नु समाज र राष्ट्रका लागी पनि चासोको बिषय बन्नुपर्नेमा जोड दिए । उनले अहिलेको युगमा पुस्तक र पत्रपत्रिका किनेर पढ्ने पाठकहरुको संख्या घट्दै गएको प्रति चिन्ता समेत व्यक्त गरे । साहित्यिक संस्था साझा प्रकाशनको उत्थानका लागि आफूले पनि सक्दो सहयोग गर्ने उनले प्रतिबद्धता जनाए ।

१५ दिनसम्म चल्ने प्रदर्शनीमा साहित्य, संस्कृति, कला, इतिहास, धार्मिक ग्रन्थ, शब्दकोषसँग सम्बन्धीत २ हजार ६ सय भन्दा बढी शिर्षकका पुस्तक राखिएका छन् । एक हजार ६ सय भन्दा लेखकको कृती राखिएको प्रदर्शनी पुष १ गतेसम्म चल्ने र उक्त अबधीभर बिभिन्न बिद्याका पुस्तकमा २५ देखी ४० प्रतिशतसम्म छुटको व्यवस्था मिलाइएको साझा प्रकाशनले जनाएको छ ।

## मधेसका मुख्यमन्त्री यादवद्वारा राजीनामा



**दैनिक समाचारदाता**
**धनुषा, १७ मंसिर ।**

सर्वोच्च अदालतले २४ घण्टाभित्र विश्वासको मत लिन आदेश दिएपछि मधेस प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले पदत्याग गरेका छन् ।

विश्वासको मत पाउने सम्भावना नदेखिएपछि उनले बुधबार प्रदेशसभाको बैठकमै राजीनामा घोषणा गरेका हुन् । यादवलाई तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले संविधानको धारा १६८(३) अनुसार प्रदेशसभा सबैभन्दा ठूलो दलको नेताका रूपमा मुख्यमन्त्री नियुक्त गरेकी थिइन् ।

बर्दिबासस्थित पानस कटेजमा बिहानै यादवको नियुक्ति र शपथ ग्रहणसमेत भएपछि यसले राजनीतिक विवाद झनै बढाएको थियो । त्यसकै बीच सङ्घीय सरकारले प्रदेश प्रमुख भण्डारीलाई पदमुक्त गरी सुरेन्द्र लाभ कर्णलाई नयाँ प्रदेश प्रमुख नियुक्त गर्ने सिफारिस गरेको थियो ।

विश्वासको मत प्रक्रियाका क्रममा विपक्षी सात दलका सांसद बैठकमा उपस्थित भएनन् । पूरा विपक्षी बेञ्च खाली रहँदा एमालेका सांसद मात्र बैठकमा देखिए । राप्रपाकी मन्त्री कञ्चन बिच्छा र नेपाल सङ्घीय समाजवादी पार्टीकी मन्त्री विमला अन्सारी पनि उपस्थित थिइन् ।

राजीनामा दिनुअघि मुख्यमन्त्री यादवले आफ्नो नियुक्ति नै बाध्यात्मक रहेकाले विश्वासको मत अनिवार्य रूपमा लिनुपर्ने स्थिति नरहेको दाबी गरे । आफ्नो २२ दिनको कार्यकाल जनतामुखी काममा केन्द्रित रहेको उल्लेख गर्दै उनले भने, “म कुर्सीसँग होइन, सांसदहरूसँग विश्वासको मत लिने हो । तर, उनीहरू बैठकमै आएनन् । त्यसैले राजिनामा घोषणा गर्दछु ।”

बैठक सञ्चालन गरिरहेकी उपसभामुख बबिता राउत ईसरले मुख्यमन्त्री यादवले राजीनामा घोषणा गरिसकेको हुँदा विश्वासको मतसम्बन्धी प्रक्रिया अघि बढाउनुपर्ने आवश्यता नरहेको बताउँदै सभा स्थगित गरिन ।

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं।**

- कृपियोग्य जमिनमा खेती गरौं, बाँझो नराखौं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृपि उत्पादनको उचित मुल्य निर्धारण गरौं,
- आयातित वस्तुलाई प्रतिस्थापन गरौं,
- आधुनिक प्रविधि र सिँचाइ प्रणालीको प्रयोग गरी उत्पादन बढाऔं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलब्ध गराऔं,
- कृषकलाई सीप, तालिम र सहुलियत ऋण उपलब्ध गराऔं,
- कृषि सहकारी र समूह खेतीमार्फत सामूहिक खेतीमा आवद्ध होऔं,
- युवाहरूलाई कृषिमा आकर्षित गर्न नवीन अवसर र प्रविधि उपलब्ध गराऔं,
- कृषि पेशाप्रति सम्मान र गौरव गरौं ।

कृषि उत्पादन बढाऔं,आत्मनिर्भर बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# पत्रकारितामा एआइको प्रयोग

वर्तमान युगमा पत्रकारिता क्षेत्र पनि एआइको प्रभावले अछुतो छैन । पछिल्लो समय कृत्रिम बुद्धिमत्ता (एआइ) को प्रयोगले समाचार संकलन, सम्पादन, विश्लेषण र प्रस्तुति प्रक्रियामा नयाँ आयाम थपेको छ। सूचना प्रविधिले संसारलाई तीव्र गतिमा परिवर्तन गरिरहेको बेला एआइ प्रविधिका कारण समाचार लेखन, तथ्य संकलन र डाटा विश्लेषण सजिलो र छिटो भएको छ । ठूला संख्यामा सूचना विश्लेषण गरी ट्रेन्ड पत्ता लगाउने, वित्तीय प्रतिवेदन तयार पार्ने, खेलकुद अपडेट दिने जस्ता काम आज एआइले चाँडै र कम खर्चमा गर्न सक्छ । यसले पत्रकारलाई गहिरो अनुसन्धान र विश्लेषणात्मक रिपोर्टिङमा समय दिन सहयोग पुर्‍याएको छ ।

तर स्वचालित समाचार सामग्रीमा भावनात्मक गहिराइको कमी, गलत सूचना फैलिन सक्ने जोखिम, स्रोतको पुष्टि नहुनु, र मानवीय जिम्मेवारी कमजोर हुने खतरा देखिएको छ। अझ गम्भीर कुरा, एआइमार्फत तयार सामग्रीलाई समाचारको नाममा बिना सम्पादन प्रकाशित गर्दा पत्रकारिताको विश्वसनीयता खस्किने समस्या उत्पन्न हुन सक्छ । त्यस्तै, एआइको बढ्दो प्रयोगले रोजगार क्षेत्रमा पनि चुनौती खडा गरेको छ । रिपोर्टर, सब-एडिटर जस्ता परम्परागत भूमिकाहरूमा असर पर्न सक्ने आशंका गरिएको छ । यद्यपि, प्रविधि विरोधी हुनुको सट्टा त्यसलाई सही तरिकाले अपनाउनु नै दीर्घकालीन समाधान हो ।

नेपाल जस्तो विकासोन्मुख मुलुकमा एआइ प्रयोग अझै प्रारम्भिक अवस्थामा भए पनि यसलाई नियमन गरेर प्रयोग गर्ने आवश्यकता रहेको छ । तसर्थ मिडिया हाउसहरूले एआइलाई सहायक उपकरणका रूपमा मात्र प्रयोग गरी अन्तिम सम्पादन र जिम्मेवारी भने मानवीय पत्रकारकै हातमा राख्नुपर्ने आवश्यकता रहेको छ ।


डा. भगवती यादव

Dr. Bhagwati Yadav

MBBS, MD Paediatrics (USC)

NMC Reg. No. : 11389

नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह

Dr. Saroj Kumar Sah

MBBS, MS Orthopaedics (BPKIHS) Dharan

Fellowship in Hand Surgery (CMC Vellore)

NMC Reg. No. : 13288

हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव

Dr. Jayanti Yadav

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज

NMC Reg No. : 15312

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज

Mo. No : 9842830252, 9804605569


# एमडिजिपी स्वास्थ्य प्रणालीका मेरुदण्ड

**डा विश्वराज दवाडी**

काठमाडौँ, १७ मङ्सिर (रासस) ।

नेपाली समाजमा डाक्टर भन्नेबित्तिकै कि त 'एमबिबिएस' को सामान्य चिकित्सक कि त मुटु, पेट, स्नायु वा मिर्गौलाजस्ता निश्चित अङ्गको उपचार गर्ने 'विशेषज्ञ' भन्ने बुझाइ रहेको छ । तर, नेपालको विषम भौगोलिक बनोट र सीमित स्वास्थ्य पूर्वाधारका लागि यी दुई विधाको बीचमा एउटा यस्तो अत्यन्त महत्वपूर्ण र बहुमुखी विधा छ, जसलाई नेपालको स्वास्थ्य प्रणालीको 'मेरुदण्ड' मानिन्छ-त्यो हो एमडिजिपीअर्थात् 'जनरल प्राक्टिस एन्ड इमर्जेन्सी मेडिसिन' मा विशेषज्ञता ।

नेपालको सुदूर पहाडी जिल्ला अस्पतालहरूको सङ्कटकालीन वार्डदेखि काठमाडौँका व्यस्त कर्पोरेट अस्पतालहरूको आकस्मिक विभागसम्म, एमडिजिपी डाक्टरहरूले नेपाली स्वास्थ्य सेवाको मुहार फेरिरहेका छन् । उनीहरूको भूमिका, क्षमता र नेपालले बेहोरिरहेका स्वास्थ्य चुनौतीहरूमाथिको प्रभावका बारेमा धेरै चर्चा हुने गरेको पाइँदैन ।

एमडिजिपीलाई धेरैले केवल 'जनरल फिजिसियन' वा 'सामान्य चिकित्सक'को रूपमा बुझ्ने गर्छन्, तर यो बुझाइ पूर्णतया अपूर्ण छ । एमडिजिपी एउटा पूर्णकालीन तीन वर्षे स्नातकोत्तर (पिजी) विशेषज्ञता हो । यो विशेषज्ञताले चिकित्सकलाई आधारभूत चिकित्सा र शल्यक्रियाका बिभिन्न विधामा सघन तालिम दिन्छ । एमडिजिपीलाई चिकित्सा क्षेत्रमा 'स्विस आर्मी नाइफ' पनि भनिन्छ । जसरी स्विस आर्मी नाइफमा अनेकन औजारहरू एकीकृत हुन्छन्, त्यसरी नै एक एमडिजिपी डाक्टरले एकैसाथ बालरोग, स्त्रीरोग (प्रसूतिसहित), हाडजोर्नी (अर्थोपेडिक्स), सामान्य शल्यक्रिया (जनरल सर्जरी) र सबैभन्दा महत्वपूर्ण रूपमा आकस्मिक चिकित्साको जिम्मेवारी सम्हाल्न सक्छन् । उनीहरूले बच्चाको भ्याक्सिनदेखि गर्भवतीको जटिल शल्यक्रिया (सिजरियन सेक्सन), भाँचिएको हाडको प्लास्टर र हृदयाघात वा गम्भीर दुर्घटनाको प्रारम्भिक जीवनरक्षक उपचारसम्म गर्नसक्ने क्षमता राख्छन् । यो बहुआयामिक क्षमता नै नेपालको ग्रामीण स्वास्थ्य सेवाका लागि अपरिवर्तनीय बनेको छ ।

**क) ग्रामीण नेपालमाः 'एक डाक्टर, अनेक अस्पताल'**

नेपालका करिब ६० प्रतिशत जनसङ्ख्या बसोबास गर्ने दुर्गम पहाडी भूभागमा स्वास्थ्य सेवाको पहुँच गम्भीर चुनौतीका रूपमा रहेको छ । मुटु, मस्तिष्क वा बालरोग विशेषज्ञहरू ती ठाउँमा पुग्न सम्भव छैन । यही शून्यपनलाई एमडिजिपी डाक्टरहरूले 'फ्रन्टलाइन कमान्डर' बनेर भरिरहेका छन् ।

**जीवन बचाउने शल्यक्रिया र प्रसूति सेवा**

डोल्पा, अछाम, ताप्लेजुङ, मनाङ वा दार्चुलाजस्ता भौगोलिक रूपमा विकट जिल्ला अस्पतालहरूमा जब बिरामीलाई जीवन-मरणको सङ्कट आइपर्छ, तत्काल काठमाडौँ वा ठूला सहरमा पठाउन घण्टौँ वा दिनौँ लाग्न सक्छ । उदाहरणका लागि, गर्भवती महिलाको पाठेघरमा बच्चा अड्किँदा वा आन्द्रा फुट्दा (परफोरेटेड एपेन्डिक्स), केही मिनेटको ढिलाइले पनि बिरामीको ज्यान जान सक्छ । यस्तो सङ्कटकालीन घडीमा एमडिजिपी डाक्टरले नै तत्काल अपरेसन गरेर बिरामी बचाउँछन् । सिजरियन सेक्सनमा शल्यक्रिया गरेर आमा र बच्चा दुवैको जीवन बचाउँछन् । उनीहरूले उपलब्ध सीमित स्रोत र उपकरणका बाबजुद पनि 'सर्जरी' र 'प्रसूति' सेवा दिएर ग्रामीण अस्पताललाई 'रिफर सेन्टर' बाट 'उपचार केन्द्र' मा रूपान्तरण गरेका छन् ।

**कुशल व्यवस्थापकीय नेतृत्व**

एमडिजिपी डाक्टरहरू केवल उपचारकर्ता मात्र होइनन्, ग्रामीण जिल्ला अस्पतालहरूमा प्रायः उनीहरू नै अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट (मेसु) पनि हुन्छन् । उनीहरूले सीमित बजेट र जनशक्तिका बीच अस्पतालको व्यवस्थापन गर्ने, स्वास्थ्यकर्मीहरूलाई नेतृत्व दिने, आधारभूत ल्याब र औषधिहरू उपलब्ध गराउने र ठूला स्वास्थ्य शिविरहरू आयोजना गर्ने जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेका हुन्छन् । उनीहरूको नेतृत्व क्षमताले नै दुर्गमका स्वास्थ्य संस्थालाई चलायमान बनाइराखेको हुन्छ ।

**विवेकपूर्ण 'रिफरल' प्रणाली**

एमडिजिपी डाक्टरहरूको व्यापक ज्ञानले गर्दा उनीहरूले बिरामीलाई 'ट्राइज' गर्न सक्छन् । उनीहरूले कुन बिरामीको उपचार गाउँमै सम्भव छ र कसलाई मात्र सहर पठाउनु अनिवार्य छ भन्ने निर्णय क्षमता राख्छन् । यसले गर्दा अनावश्यक रुपमा अन्य अस्पतालहरूमा पठाइने बिरामीहरूको सङ्ख्या कम हुन्छ, जसले बिरामीको लाखौँ रुपैयाँ र समयको बचत गर्नुका साथै ठूला सहरी अस्पतालहरूको अनावश्यक बोझ पनि घटाउँछ ।

**ख) सहरी क्षेत्रः 'फ्यामिली डाक्टर' को उदय**

सहरका ठूला अस्पतालहरूमा विशेषज्ञहरूको भीड भए पनि एमडिजिपी डाक्टरको भूमिका त्यहाँ पनि उत्तिकै महत्वपूर्ण रहेको छ तर निम्न बुँदाहरूको आधारमा त्यस भूमिकालाई फरक ढङ्गले पनि हेर्न सकिन्छ:

**होलिस्टिक केयरको पैरवी**

आजको सहरी जीवनशैलीमा हुर्किएका अधिकांश बिरामीहरू सामान्य लक्षणका लागि पनि विशिष्ट विशेषज्ञ कहाँ धाउँदा हैरान हुने गर्छन् । टाउको दुख्दा न्युरोलोजिस्ट, पेट दुख्दा ग्यास्ट्रोलोजिस्ट र छालाको समस्याका लागि डर्माटोलोजिस्ट कहाँ जानुपर्ने बाध्यता छ । एमडिजिपी डाक्टरहरूले यसको साटो बिरामीको समग्र स्वास्थ्य जाँच गर्छन् । उनीहरूले बिरामीको शारीरिक समस्या मात्र होइन, मानसिक स्वास्थ्य, जीवनशैली, पारिवारिक इतिहास र सामाजिक अवस्थालाई पनि बुझेर उपचारको योजना बनाउँछन् । यसले गर्दा सही विशेषज्ञ कहाँ जाने भन्ने अलमल हट्छ र निरन्तर र व्यापक स्वास्थ्य सेवा सुनिश्चित हुन्छ । यसरी उनीहरूले पहिलो सम्पर्क विन्दुका रूपमा कार्य गरेका हुन्छन् ।

**इमर्जेन्सी विभागका कमान्डर**

काठमाडौँ, पोखरा वा विराटनगरका अधिकांश ठूला अस्पतालका आकस्मिक विभागको नेतृत्व एमडिजिपी डाक्टरहरूले नै गरिरहेका छन् । दुर्घटना, हृदयघात, स्ट्रोक, वा अन्य आकस्मिक अवस्थाका बिरामीहरू आउँदा उनीहरूले नै तुरुन्तै बिरामीको अवस्था आँकलन गरी 'ट्राइज' गर्छन्-अर्थात् कसलाई पहिला उपचार गर्ने र कुन विशेषज्ञलाई बोलाउने भनेर तत्काल निर्णय गर्छन् । उनीहरूको तीव्र निर्णय क्षमता र बहुआयामिक सीप आकस्मिक सेवाको जीवनरेखा हो ।

**दीर्घ रोग व्यवस्थापन**

उच्च रक्तचाप, मधुमेह, थाइराइडजस्ता दीर्घकालीन रोगहरूको नियमित 'फलोअप' र जीवनशैली परामर्शका लागि एमडिजिपी डाक्टरहरू सबैभन्दा उपयुक्त मानिन्छन् । उनीहरूले बिरामीसँग दीर्घकालीन सम्बन्ध स्थापित गरी रोगलाई नियन्त्रणमा राख्न र जटिलताहरू आउन नदिन मद्दत गर्छन् ।

**भविष्यको मार्गचित्र**

एमडिजिपी डाक्टरहरूको यति धेरै महत्व हुँदाहुँदै पनि नेपालमा उनीहरूले उचित पहिचान र प्रोत्साहन पाउन सकेका छैनन् । यस विधाका डाक्टरहरूले सामना गरिरहेका केही मुख्य चुनौतीहरू यस प्रकार छन् :

*सरकारी दरबन्दीको कमी :* सरकारले जिल्ला अस्पतालहरूमा एमडिजिपी डाक्टरहरूको आवश्यक सङ्ख्यामा स्थायी दरबन्दी सिर्जना गर्न सकेको छैन ।

*प्रोत्साहनको अभाव :* दुर्गममा काम गर्ने एमडिजिपीहरूलाई पर्याप्त आर्थिक सुविधा, आवास, र करियर विकासको अवसर नहुँदा उनीहरू सहरी क्षेत्रमा वा विदेश पलायन भइरहेका छन् ।

*जनमानसमा गलत बुझाइ :* विशेषज्ञको रूपमा स्पष्ट पहिचान नहुँदा बिरामीहरूले पनि उनीहरूको क्षमतालाई कम आँक्ने गरेको अवस्था अझै पनि छ ।

यसमा निक साइमन्स इन्स्टिच्युट जस्ता संस्थाहरूले ग्रामीण क्षेत्रमा एमडिजिपी डाक्टरहरूलाई पठाउन प्रोत्साहन कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् तर यो दीर्घकालीन समाधान होइन । राज्यले अब एमडिजिपीलाई प्राथमिकता प्राप्त विशेषज्ञ मानेर तत्कालै कदम चाल्नुपर्छ । प्रत्येक जिल्ला अस्पतालमा अनिवार्य

*बाँकी तीन पृष्ठमा*

## राजविराज नगरपालिका

**७ नं. वडा कार्यालय**

राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या:-२०८२/०८३
च.नं. ४६९

मिति:-.२०८२/०८/१७

### राजविराज नगरपालिका

### ०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना

उपरोक्त सम्बन्धमा जिल्ला ससरी राजविराज नगरपालिका वडा नं.०६ हाल राजविराज नगरपालिका वडा नं ०७ बस्ने स्व. खेचरी कुमार श्रेष्ठको बुहारी स्व. राम कुमार श्रेष्ठको पत्नी गौरी कुमारी श्रेष्ठ यस कार्यालयमा उपस्थि भई माग गरे अनुसार मेरो पती स्व.राम कुमार श्रेष्ठको मिति २०८२/०७/०१ गते आफनै कालगतीले स्वर्गवास हुनु भएको निजको म एक मात्र धर्म पत्नी गौरी कुमारी श्रेष्ठ भएकोले मेरो पती स्व. राम कुमार श्रेष्ठको नाउमा कायम रहेको तपसिलमा भएको जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरी पाउँ भनी मिति २०८२।०८।१७ गते मा दं. नं. ३९९ मा निवेदन दिएको हुँदा सो सम्बन्धमा उक्त जग्गामा निवेदीका वाहेक अरु कोही कसैको हक दाबी, हक अपुताली भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा उजूरी दिन आउनु होला अन्यथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम भै जाने ब्यहोरा जानकारी को लागी अनुरोध छ ।

**तपसिल**

स्व.राम कुमार श्रेष्ठ को नाउँमा दर्ता कायम रहेको जग्गाहरु

| सि.न | जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सप्तरी | राजविराज | ०६ | ५०६ | ०-३-३ | |
| २ | सप्तरी | राजविराज | ०६ | ५०५ | ०-१-१० | |

सुभाष चन्द्र यादव
वडा अध्यक्ष
रा.वि.न.पा.वडा नं.-७

# एनपिएल : ब्याटिङतर्फ विदेशी, बलिङमा नेपाली खेलाडी अब्बल

**विनोदसिंह विष्ट**
काठमाडौँ, १७ मङ्सिर (रासस)।

नेपाल प्रिमियर लिग (एनपिएल) को पहिलो र दोस्रो संस्करण गरी मङ्गलबारसम्म तीनवटा शतक प्रहार भएका छन् । नेपाल क्रिकेट सङ्घ (क्यान) ले गत वर्षदेखि सुरु गरेको एनपिएलको हाल दोस्रो संस्करण कीर्तिपुरस्थित त्रिवि अन्तरराष्ट्रिय क्रिकेट मैदानमा मङ्सिर १ गतेदेखि जारी छ ।

पहिलो संस्करणमा एउटा मात्र शतक प्रहार भएको थियो । तीनवटै शतक विदेशी खेलाडीले बनाएका छन् । नेपाली खेलाडीले हालसम्म शतक बनाउन सकेका छैनन् । जारी संस्करणको २१औँ खेलमा मङ्गलबार पोखरा एभेन्जर्सका एडम रोसिङ्टनले शतक प्रहार गरे । कर्णाली याक्सविरुद्धको उक्त खेलमा उनले ५५ बलमा शतक पूरा गरेका हुन् । उक्त खेलमा ५८ बल खेलेका उनी १०८ रनमा अविजित रहे । कर्णालीलाई ३४ रनले हराएको यो खेलमा एडम प्लेयर अफ दी म्याचसमेत घोषित भए । एडम इङ्ल्याण्डका हुन् ।

यस्तै कर्णाली याक्समा अनुबन्ध भएका स्कटल्याण्डका मार्क वाटले जारी संस्करणमा शतक हिर्काउने पहिलो खेलाडी हुन् । उनले लुम्बिनी लायन्सविरुद्धको खेलमा ४१ बलमा शतक बनाएका थिएर । उक्त खेलमा ४४ बल खेलेका वाट ११४ रनमा अविजित रहे । यो खेल कर्णालीले ९ विकेटले जितेको थियो । वाट प्लेयर अफ दी म्याचसमेत चुनिए । एनपिएलमा सबैभन्दा छिटो शतक प्रहार गर्ने र एकै खेलमा सबैभन्दा बढी रन बनाउने खेलाडी पनि वाट नै हुन् ।

एनपिएलको पहिलो संस्करणमा एकमात्र शतक अमेरिकी खेलाडी आन्द्रिज गोउसको नाममा छ । पोखराको टिममा आबद्ध गोउसले लुम्बिनीका विरुद्ध शतक जोडेका थिए । गोउसले ५४ बलम शतक पूरा गरेका थिए । उक्त खेलमा उनले अविजित १०४ रन बनाए ।

**अर्धशतकमा पनि विदेशीकै दबदबा**

जारी प्रतियोगितामा हालसम्म २२ खेलाडीले २६ अर्धशतक प्रहार गरेका छन् । यसमा १७ अर्धशतक विदेशी खेलाडीकै नाममा छन् । नौ अर्धशतक मात्रै नेपाली खेलाडीले प्रहार गर्न सकेका छन् ।

अर्धशतक हिकाउने विदेशी खेलाडीमा चितवन राइनोजका रवी बोपरा (तीन), कर्णाली याक्सका प्रियाङ्क पञ्चाल (दुई) तथा जनकपुर बोल्ट्सका बायन पार्नेल, सञ्जय कृष्णमुर्ति र माज सदाकत, सुदूरपश्चिम रोयल्सका जोश ब्राउन र हरमित सिंह, पोखराका सुमित बर्मा, जिमी निशम र एडम रोसिङ्टन, विराटनगर किंग्सका मार्टिन गुप्टिल, चितवनका डेविड मलान, कर्णालीका मार्क वाट तथा काठमान्डू गोर्खाजका जोन सिम्प्सन (एक/एक) रहेका छन् ।

अर्द्धशतक प्रहार गर्ने नेपाली खेलाडीमा पोखरा एभेन्जर्सका कप्तान कुशल भुर्तेल (दुई) तथा सुदूरपश्चिमका विनोद भण्डारी र ईशान पाण्डे, विराटनगर किंग्सका लोकेश बम र बसिर अहमद, चितवनका अर्जुन साउँद, जनकपुरका अनिल शाह र आशिफ शेखले (एक/एक) रहेका छन् ।

सर्वाधिक रन बनाउनेको सूचीमा पनि विदेशी खेलाडी नै रहेका छन् । एक्काइस खेल सकिँदासम्म सर्वाधिक रन बनाउनेको सूचीमा पोखराका एडम रोसिङ्टन पहिलो नम्बरमा रहेका छन् । उनले हालसम्म पाँच खेलमा २५३ रन हिर्काएका छन् ।

दोस्रो नम्बरमा ६ खेलमा २४२ रन बनाएका कर्णालीका मार्क वाट, तेस्रोमा पाँच खेलमा २०७ रनसहित चितवनका रवी बोपरा, छ खेलमा १८१ रन जोडेका कर्णालीका प्रियाङ्क पञ्चाल चौथोमा तथा पाँचौँ नम्बरमा पाँच खेल खेलेका लुम्बिनीका कप्तानसमेत रहेका रोहितकुमार पौडेल (१७४ रन) रहेका छन् ।

**बलिङमा नेपाली खेलाडी अब्बल**

सर्वाधिक रन र व्यक्तिगत स्कोरमा विदेशी खेलाडीको वर्चश्व रहे पनि बलिङमा भने नेपाली खेलाडी अब्बल देखिएका छन् । सुदूरपश्चिमका अभिनाश बोहरा सबैभन्दा बढी विकेट लिने खेलाडीको शीर्ष स्थानमा छन् । उनले हालसम्म पाँच खेलमा ११ विकेट लिइसकेका छन् ।

विराटनगर किङ्ग्सका कप्तानसमेत रहेका सन्दीप लामिछाने पाँच खेलमा १० विकेट लिएर दोस्रो स्थानमा छन् । तेस्रो स्थानमा काठमान्डूमा आबद्ध विदेशी खेलाडी मिलिन्द कुमार र चौथोमा काठमान्डूका कप्तान करण केसी रहेका छन् । मिलिन्द र करणले ६ खेलमा दश/दश विकेट छन् । यस्तै पाँच खेलमा नौ विकेट लिएर पाँचौँ स्थानमा सुदूरपश्चिममा आबद्ध विदेशी खेलाडी हर्मित सिंह रहेका छन् ।

**एनपिएलम विराटनगर र पोखराको उच्च स्कोर**

एनपिएल इतिहासमै उच्च स्कोर बनाउने टोली विराटनगर किङ्ग्स बनेको छ । विराटनगरले जारी संस्करणमा पोखराविरुद्ध २२० रन बनाएको थियो । यो हालसम्मकै उच्च स्कोर हो । दोस्रो उच्च स्कोर बनाउने टोली पोखरा रहेको छ । पोखराले कर्णालीकाविरुद्ध २०१ रन जोडेको थियो ।

यो संस्करणमा सबैभन्दा कम स्कोर बनाउने टोली चितवन छ । चितवनले काठमान्डू गोर्खाजविरुद्ध ८९ रन बनाएको थियो । यही मङ्सिर १ गतेदेखि सुरु भएको एनपिएलको दोस्रो संस्करणमा आठ टोली सहभागी छन् । हालसम्म सुदूरपश्चिम मात्रै प्लेअफमा पुग्ने पहिलो टोली बनेको छ । कर्णाली प्रतियोगिताबाट बाहिरिने पहिलो टोलीमा परेको छ । अन्य टोलीको छिनोफानो हुन बाँकी छ । नेपाल क्रिकेट सङ्घ (क्यान) को आयोजनामा भइरहेको प्रतियोगिता मङ्सिर २७ गते सम्पन्न हुनेछ ।

## *एमडिजिपी ...*

एमडिजिपीको दरबन्दीः कम्तीमा दुईदेखि तीन जना एमडिजिपी विशेषज्ञहरूको स्थायी पद सिर्जना गरिनुपर्छ । दुर्गम भत्ता र विशेष प्रोत्साहन प्याकेज ल्याएर दुर्गममा काम गर्न आकर्षक तलब, सुविधा र शैक्षिक अवसरहरू प्रदान गर्नुपर्छ । 'फ्यामिली मेडिसिन' को रूपमा विकास गरी सहरी क्षेत्रमा 'फ्यामिली डाक्टर'को अवधारणालाई स्थापित गर्नुपर्छ, जसले एमडिजिपीहरूको पहिचानलाई अझ बलियो बनाउन आवश्यक छ ।

**निष्कर्ष**

नेपालको विकट भौगोलिक वास्तविकतालाई हेर्दा हामीलाई हरेक विधाका 'माइक्रो-स्पेसलिस्ट' भन्दा पनि सबै विधाको आधारभूत ज्ञान, शल्यक्रियाको सीप र आकस्मिक सेवाको क्षमता भएका एमडिजिपी डाक्टरहरूको खाँचो बढी छ । जबसम्म गाउँको स्वास्थ्य चौकीलाई केवल रिफर गर्ने ठाउँबाट जीवन बचाउन सक्ने 'उपचार केन्द्र' मा बदल्न सकिँदैन, तबसम्म लाखौँ नेपाली गुणस्तरीय स्वास्थ्य सेवाबाट वञ्चित भइरहनेछन् । यो दूरदृष्टिलाई साकार पार्नका लागि एमडिजिपी विशेषज्ञहरूको भूमिकालाई राज्यले उच्च सम्मान र कदर गर्नैपर्छ । उनीहरूलाई प्रोत्साहन दिएर नेपालको स्वास्थ्य सेवालाई बलियो र समावेशी बनाउनु आजको तत्कालको आवश्यकता हो । (लेखक जेनरल प्राक्टिस ऐन्ड इमेर्जेन्सी मेडिसिन एसोसिएसन नेपालका अध्यक्ष हुनुहुन्छ)

## *पत्रकारितामा एआईको ...*

श्यामसुन्दर यादव, नेपाल पत्रकार महासंघ सप्तरीका पूर्वअध्यक्षहरु वैद्यनाथ झा, मुरली प्रसाद यादव, व्याशशंकर उपाध्याय, धीरेन्द्र प्रसाद साह, वरिष्ठ पत्रकार अनिलकुमार अनल, महासंघका उपाध्यक्ष रामनारायण विश्वास सहितकाले एआई प्रविधिको सदुपयोग र दुरुपयोग बारे आ-आफ्नो धारणा राखेका थिए । तालिममा सप्तरीका ५० जना भन्दा बढी पत्रकार सहभागी रहेको थियो ।


# राजविराज नगरपालिका

**७ नं. वडा कार्यालय**

राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या:-२०८२/०८३
च.नं. ५८७ 

मिति:-२०८२/०८/१७

## राजविराज नगरपालिका

### ०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं ०५ हाल राजविराज नगरपालिका वडा नं.०७ बस्ने स्व. राम बहादुर श्रेष्ठको नाती स्व. श्याम बहादुर श्रेष्ठ तथा विद्या रावेल श्रेष्ठको छोरा यानिक श्रेष्ठ यस कार्यालयमा उपस्थित भई माग गरे अनुसार मेरो आमा विद्या रावेल श्रेष्ठको मिति २०८१/११/०५ गते आफ्नै कालगतीले स्वर्गवास भएको हुनाले निजको म एक मात्र छोरा यानिक श्रेष्ठ भएकोले मेरो आमा स्व. विद्या रावेल श्रेष्ठको नाउमा कायम रहेको तपसिलका जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरी पाँउ भनी मिति २०८२।०८।१६ गते मा दं. नं. ३९१ मा निवेदन दिएको हुँदा सो सम्बन्धमा उक्त जग्गामा निवेदक बाहेक अरु कोही कसैको हक दाबी. हक अपुताली भए यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सबुत प्रमाण सहित लिई यस वडा कार्यालयमा उजूरी दिन आउनु होला अन्यथा स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम भै जाने व्यहोरा जानकारीको लागी अनुरोध छ ।

**तपसिल**

स्व.विद्या रावेल श्रेष्ठ को नाउँमा दर्ता कायम रहेको जग्गाहरु

| सि.न | जिल्ला | गा.वि.स./न.पा. | वडा नं. | कित्ता नं. | रोपनी-आना-पैसा-दाम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | काठमाण्डौ | | ८ घ | ५१ | ४-१-१-० | |

सुभाष चन्द्र यादव
वडा अध्यक्ष


# विश्व समाचार

## गाजाका पाँच क्षेत्रमा निरन्तर आक्रमण, मानवीय उद्धार चुनौतीपूर्ण

संयुक्त राष्ट्रसंघ, १७ मङ्सिर (रासस/सिन्ह्वा)।

गाजाका पाँचै प्रशासनिक क्षेत्रमा जारी आक्रमणका बीच, संयुक्त राष्ट्रसङ्घका मानवीय निकायहरूले गाजा सहरमा घाइतेहरूको उद्धारका लागि नागरिक सुरक्षा टोलीबाट आएको आपत्कालीन आह्वानमा तुरुन्तै प्रतिक्रिया जनाएर सहयोग गरेको बताएको छ ।

संयुक्त राष्ट्रसङ्घको मानवीय कार्यसमन्वय कार्यालयका अनुसार तुफाह क्षेत्रमा सोमबार प्राप्त आपत्कालीन खबरपछि उद्धार टोलीहरूले घाइतेलाई सुरक्षित स्थानमा पुऱ्याएका थिए । आह्वानको विस्तृत विवरण भने सार्वजनिक गरिएको छैन ।

विश्व स्वास्थ्य सङ्गठनले आफ्नो टोलीमार्फत १८ बिरामी र तिनका ५४ साथीसहित उपचारका लागि गाजाबाट बाहिर निकासी गरिएको जानकारी दिएको छ । संस्थाका अनुसार गाजामा अहिले पनि १६ हजार ५०० भन्दा बढी बिरामीलाई त्यहाँ उपलब्ध नभएको जीवनरक्षक उपचार अत्यावश्यक छ ।

जाडो नजिकिँदै जाँदा, गाजामा बालबालिकासहित अत्यन्त पीडित जनताका लागि सहयोग विस्तार गर्न मानवीय समुदायले प्रयास तीव्र पारेको छ ।

गत दुई महिनामा, मानवीय साझेदार संस्थाहरूले जाडोको तयारीका लागि आवश्यक सामग्री दसौँ हजारको सङ्ख्यामा वितरण गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घले सबै उपलब्ध सीमा नाका र मार्ग खोल्न पुनः आग्रह गर्दै बिरामीलाई पश्चिम किनारामा उपचार लिन दिनुपर्ने तथा अन्तर्राष्ट्रिय आपत्कालीन स्वास्थ्य टोलीलाई गाजामा निर्बाध प्रवेश गराउनुपर्ने आवश्यकता जोड दिएको छ ।

पश्चिम किनारामा भने तुबास र जेनिन क्षेत्रमा हालै इस्रायली सैन्य गतिविधि बढेकाले स्थानीय समुदायमा विस्थापन, असुरक्षा, पानी आपूर्ति सञ्जालको क्षति र व्यवसायिक संरचनाहरू बन्द हुनेजस्ता समस्या बढेको ओसीएचएले जनाएको छ ।

संस्थाका अनुसार पछिल्ला दुई दिनमै झन्डै दुई दर्जन प्यालेस्टिनी परिवार जबरजस्ती घरबाट हटाइएका छन्, ती घरहरूलाई सैन्य निगरानी चौकीका रूपमा प्रयोग गरिएको छ ।

## अस्ट्रेलियाको नयाँ नियम बालबालिकालाई अनलाइनमा जोखिममा पार्ने : युट्युब

सिड्नी, १७ मङ्सिर (रासस/एएफपी)।

युट्युबले बुधबार अस्ट्रेलियामा १६ वर्ष मुनिका बालबालिकाका लागि लाग्ने सामाजिक सञ्जाल प्रतिबन्धको कडा आलोचना गर्दै यसलाई 'छिटो निर्णय गरिएको' र बालबालिकालाई अनलाइनमा कम सुरक्षित बनाउने बताएको छ ।

अस्ट्रेलियाले १० डिसेम्बरदेखि फेसबुक, इन्स्टाग्राम, टिकटक र युट्युब जस्ता लोकप्रिय सामाजिक सञ्जालमा १६ वर्ष मुनिका प्रयोगकर्ताहरूलाई प्रतिबन्ध लगाउने योजना बनाएको छ ।

युट्युबका सार्वजनिक नीतिका प्रमुख रेचेल लर्डले भन्नुभयो,"यो कानूनले बालबालिकालाई अनलाइन सुरक्षित बनाउने वाचा पूरा गर्ने छैन । बरु, अस्ट्रेलियाली बालबालिकालाई युट्युबमा कम सुरक्षित बनाउने सम्भावना छ । हामीले अभिभावक र शिक्षकहरूबाट यस्ता चिन्ताहरू सुनेका छौं ।"

युट्युबका अनुसार १० डिसेम्बरदेखि १६ वर्ष मुनिका सबै अस्ट्रेलियाली प्रयोगकर्ताहरू स्वचालित रूपमा साइन आउट हुनेछन् । यी प्रयोगकर्ताहरू खाता बिना वेबसाइट हेर्न सक्ने भए पनि धेरै सुविधा जस्तै 'सुरक्षा फिल्टर' जस्ता सेटिङहरू गुमाउनेछन् ।

लर्डले भन्नुभयो,"हामी डिजिटल संसारमा सुरक्षित राख्ने विश्वास गर्छौं ।" युट्युबले खाताहरू सुरक्षित राख्ने र प्रयोगकर्ता १६ वर्ष पुगेपछि पुनः सक्रिय गर्न सक्ने व्यवस्था गरेको छ । यसले पहिलेका डाटा हटाउने छैन ।

अस्ट्रेलियाली सञ्चार मन्त्री अनिका वेल्सले युट्युबको आलोचना 'असामान्य' भएको बताउँदै भन्नुभयो,"यदि युट्युबले हामीलाई आफ्नो वेबसाइट पूर्ण रूपमा सुरक्षित नभएको र केही सामग्री बालबालिकाको लागि अनुपयुक्त भएको सम्झाइरहेको छ भने, यो समस्या युट्युबले समाधान गर्नुपर्छ ।"

विश्वभर सामाजिक सञ्जालका सम्भावित जोखिमहरूसँग जुध्दै नियामकहरूले यस किसिमको प्रतिबन्ध काम गर्न सक्छ कि सक्दैन भन्ने विषयमा चासो राखिरहेका छन् ।

अस्ट्रेलियन सरकारले सुरुवातमा प्रतिबन्ध पूर्ण रूपमा प्रभावकारी नहुन सक्ने र केही उमेर मुनिका प्रयोगकर्ताहरू नियमको घेरेबाट बाहिर पर्न सक्ने स्वीकार गरेको छ । तर यदि प्लेटफर्महरूले 'उचित कदम' नचालेको खण्डमा तिनीहरूलाई ४९.५ लाख अस्ट्रेलियन डलर (३२ लाख अमेरिकी डलर) जरिबाना लाग्नेछ ।

मेटाले उमेरको आधारमा केही खाता निष्क्रिय गर्न सुरु गरिसकेको छ । डिजिटल अधिकार समूह 'डिजिटल फ्रिडम प्रोजेक्ट' ले गत हप्ता उच्च अदालतमा मुद्दा दायर गर्दै यसलाई अभिव्यक्ति स्वतन्त्रतामा 'अन्यायपूर्ण हमला' भएको दाबी गरेको छ ।

# नयाँ व्यवस्था कार्यान्वयनका लागि राष्ट्र बैंकको सर्कुलर

काठमाडौँ, १७ मङ्सिर (रासस)।

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्षको मौद्रिक नीतिको पहिलो त्रैमासिक समीक्षामार्फत गरिएका नयाँ व्यवस्था कार्यान्वयनका लागि बैंक तथा वित्तीय संस्थालाई सर्कुलर गरेको छ। केन्द्रीय बैंकले मौद्रिक नीतिको समिक्षा गर्दै केही थप व्यवस्था तथा संशोधन गरेको थियो।

बाढीपहिरोबाट प्रभावित इलामलगायतका जिल्लाका उद्यम व्यवसायका लागि प्रवाहित कर्जालाई ऋणीको अनुरोधमा कर्जाको पुनरसंरचा गर्न सकिने व्यवस्था गरेको छ। बैंक तथा वित्तीय संस्थाले ऋणीको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी आवश्यकता र औचित्यका आधारमा बुझाउनुपर्ने ब्याजको कम्तीमा १० प्रतिशत रकम असुल उपर गरी आगामी चैतसम्मको पुनरसंरचना गरिसक्नुपर्ने व्यवस्था गरिएको छ।

त्यसरी पुनरसंरचना वा पुनरतालिकीकरण गर्दाको समयमा कर्जालाई जुन वर्गमा वर्गीकरण गरिएको छ कम्तीमा सोही वर्गमा वर्गीकरण तथा कर्जा नोक्सानीको व्यवस्था कायम गर्नुपर्ने प्रावधान राखिएको छ।

यसैगरी अबदेखि बैंक तथा वित्तीय संस्थाले अधिविकर्षलगायतका प्रयोजनक नखुलेका व्यक्तिगत कर्जा रु एक करोडसम्म प्रवाह गर्न सक्नेछन्। तोकिएको सीमा नाघी कर्जा प्रवाह गरेमा बैंक तथा वित्तीय संस्थाले उक्त सीमा नाघेजति रकममा शतप्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने प्रबन्ध गरिएको केन्द्रीय बैंकले जनाएको छ।

त्यस्तै, इजाजतप्राप्त संस्थाहरुलाई प्रचलित ऐनमा भएको व्यवस्था बमोजिम उपलब्ध गराइने कर्जाको व्याजदर पाँच दशमलव ७५ प्रतिशत कायम गरिएको छ। यसअघि त्यस्तो व्याजदर छ प्रतिशत थियो।

केन्द्रीय बैंकले 'घ' वर्गका वित्तीय संसथालाई पनि कर्जाको पुनरतालिकीकरण एवम् पुनरसंरचनाका सम्बन्धमा केही नयाँ व्यवस्था गरेको छ। विपन्न तथा न्यून आय भएका समूहमा आवद्ध भएका वा नभएका व्यक्तिलाई स्वीकारयोग्य धितो लिई कृषि, लघु उद्यम वा व्यवसाय सञ्चालन गर्न प्रयोजन खुलाई प्रतिव्यक्ति रु १५ लाख बराबरको लघुकर्जा उपलब्ध गराउन सकिने व्यवस्था गरिएको छ।

यसअघि त्यस्तो कर्जा रु सात लाख बराबर मात्रै उपलब्ध गराउन सकनि व्यवस्था थियो। समूहमा आवद्ध भएको सदस्यलाई एकै अवधिमा कर्जा वा धितो कर्जा मध्ये कुनै एक कर्जा मात्र प्रवाह गर्न सकिनेछ।

# वीरगञ्ज भन्सारले चार महिनामा उठायो ३३ अर्ब राजस्व

**दैनिक समाचारदाता**
**पर्सा, १७ मंसिर।**

वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको प्रथम चार महिनामा पाँच प्रकारका पेट्रोलियम पदार्थको आयातबाट रु २२ अर्ब ९० करोड र यातायातका साधन एवं तिनका पार्टपुर्जाबाट रु १० अर्ब १० करोड राजस्व उठाएको छ।

कार्यालयले चालु आवको चार महिनामा फलाम तथा फलामबाट बनेका सामानबाट रु चार अर्ब ५८ करोड, कपडाबाट रु चार अर्ब २५ करोड, मेसिनरी तथा पार्टपुर्जाको आयातबाट रु तीन अर्ब १७ करोड राजस्व सङ्कलन गरेको छ।

इलेक्ट्रिक मेसिनरी, उपकरण र तिनका पार्टपुर्जा आयातबाट रु तीन अर्ब सात करोड राजस्व सङ्कलन गरेको छ। चालु आवको चार महिनामा वीरगञ्जबाट रु दुई खर्ब ८४ अर्ब ८९ करोड मूल्य बराबरका वस्तु आयात भएका छन्। कार्यालयले चालु आवमा रु ७५ अर्ब ५९ करोड राजस्व सङ्कलन गरेको जनाएको छ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
राजविराज

**विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना।**

रैती नं. १० जमाहिर साहु नाममा दर्ता रहेको साविक प्रगन्ना रायझमुना मौजे भिमपुरको हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता गरि जग्गाधनी प्रमाण-पुर्जा पाऊँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. ग. प्रवाहा वडा नं. ७ हाल परिवर्तित डाक्नेश्वरी न.पा. वडा नं. ८ वस्ने अधिक लाल साहु तेली र जोगिन्दर साहु तेली समेत- २ जनाको यस कार्यालयमा द.नं. ६६८९ मिति २०८२/०८/०३ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्न मिति २०८२/०८/१६ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता गर्दा कसैको हक जाने छ वा सरकारी सार्वजनिक सम्पतिको नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्न आउनु होला। म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

**तपसिल**

| सा.कि.नं. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|
| ७८४ | ग.प्रवाहा | ७ख | ४४ | ०-१-८ | जमाहिर साहु | फिल्डबुक को कैफियत महलमा यो जग्गा ग.प्रवाहा वडा नं. ७ बस्ने गंगाई साहुको नम्बरी हो भनि उल्लेख रहेको। |

श्री किशोर कुमार राम
कार्यालय प्रमुख

# जलवायु उत्थानशील लैङ्गिक उत्तरदायी कृषि नीति सम्बन्धी कार्यशाला सम्पन्न



**दैनिक समाचारदाता**
**राजविराज, १७ मंसिर।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकामा जलवायु उत्थानशील लैङ्गिक उत्तरदायी कृषि नीति २०८२ को प्रमाणिकरण कार्यशाला बुधबार सम्पन्न भएको छ।

गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डलले तयार पारिएको नीतिले गाउँपालिकाको कृषि क्षेत्रको समग्र विकासका लागि सहयोगी हुने बताउँदै नीति निर्माण प्रक्रियामा सबैको पहुँच पुऱ्याउने र दिगो कृषि प्रणाली विकासमा टेवा पुऱ्याउने विश्वास व्यक्त गरे।

कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज कुमार कर्णले नीतिलाई प्रभावकारी ढंगबाट लागू गरि कृषि क्षेत्रमा आमूल परिवर्तन ल्याउन सहयोग पुग्ने विश्वास व्यक्त गर्दै पालिकाबाट गर्नुपर्ने कार्यका लागि सदैव तत्पर रहेको बताए।

यस नीतिले तिलाठी कोईलाडी गाउँपालिका भित्र कृषि तथा पशुपालन क्षेत्रमा जलवायु परिवर्तनका उत्पन्न विभिन्न समस्या र चुनौतीहरुको बारेमा कार्यक्रम अधिकृत राजेश कुमार झाले प्रस्तुतिकरण गरेका थिए।

सप्रोस नेपाल र दिदी बहिनीको आर्थिक तथा प्राविधिक सहयोगमा तयार पारिएको कृषि नीतिमा जलवायु-मैत्री अभ्यासहरूको प्रयोग र प्रवर्धन गर्ने, स्रोतमा लैङ्गिक उत्तरदायी पहुँचको प्रवर्धन गर्ने, दिगो विकासका लागि सिर्जनात्मक कार्यहरुलाई सहयोग प्रदान गर्ने र प्राथमिकता दिने, समावेशी निर्णय प्रक्रिया निर्माण गर्ने र नेतृत्व विकासमा सहयोग पुऱ्याउने, सामाजिक सुरक्षा तथा सुरक्षा सञ्जालहरू प्रति समर्थन र चेतना प्रवर्धन गर्ने, क्षमता विकासमा सहयोग गर्ने र ज्ञान आदान प्रदान गर्ने स्थानहरु निर्माण गर्ने, अनुगमन गर्ने, उत्तरदायित्व सुनिश्चित गर्ने, संस्थागत साझेदारी समीक्षा गर्ने जस्ता प्रमुख नीतिहरु तय गरिएको गाउँपालिकाका कार्यक्रम अधिकृत झाले जानकारी दिए।

गाउँपालिका भित्र कृषि तथा पशुपालन क्षेत्रमा जलवायु परिवर्तनका कारण महिला, दलित, सीमान्तकृत भूमिहीन तथा युवा किसानहरुले भोगिरहेको बढ्दो चुनौतीहरुको समाधान गर्ने उद्देश्यका साथ सञ्चालित कार्यक्रममा गाउँपालिकाका सबै वडाका प्रतिनिधिहरुको साथै महिला, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृत समूहका किसान प्रतिनिधि लगायत यस गाउँपालिकाको बिषयगत शाखाहरुबाट सहभागिता रहेको थियो।

कार्यक्रममा सहभागीहरुले जलवायु-स्मार्ट प्रविधिको प्रभावकारी प्रयोग, स्थानीयस्तरमा लैङ्गिक उत्तरदायी योजना निर्माण तथा सहकार्य सुदृढ गर्न सम्बन्धित निकायहरुबीच समन्वय बढाउनुपर्ने वक्ताहरुले आवश्यकता औंल्याएका थिए।

गाउँपालिकाका उपाध्यक्ष फुलकुमारी साहको अध्यक्षता तथा पालिका अध्यक्ष अरुण कुमार मण्डलको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा परामर्शदाता डा राजु छेत्रीले जलवायुको असर घरधुरी र जीविकामा परेको स्वीकार्दै यो नीतिले आउने दिनमा किसानलाई राहत, विद्युतीकरण, बीउ र हाल उत्पादनलाई दिवा खाजासहित बजारसम्ममा जोड्न मद्दत गर्ने धारणा राखेका थिए।

सो कार्यक्रममा सप्रोस नेपालका विजय कार्की, ऊँ सृजन कृषि सहकारी संस्थाका व्यवस्थापक सम्बोद झा, सेभ द सप्तरीका सत्यनारायण थारुसहितकाले यस नीतिले कृषि तथा पशुपालन क्षेत्रको समग्र विकासमा सहयोग पुग्ने बताए।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट** *: rajbirajdainik.com.np*